**विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति तथा रणनीतिक कार्ययोजना**

**तयारको लागि**

**जिल्ला स्तरीय कार्यशाला गोष्ठी**

**२६ फाल्गुण, २०७३**

**धनगढी, कैलाली**

**समूहगत अभ्यासका सुझावहरु**

**समूह कः बिपद् जोखिमको बुझाई (ज्ञान)**

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित उपलब्धि** | **समयावधि** | **जिम्मेवार निकाय** |
|---|---|---|---|
| पहुँचयुक्त सूचना, शिक्षा तथा संचार प्रणालीको विकाश गर्ने | विपद् सम्बन्धि जनचेतना बृद्धि हुनेछ | अल्पकालिन | जिल्ला शिक्षा कार्यालय, गा.पा., न.पा., विषयगत कार्यालयहरु, संचार माध्यमहरु |
| स्थानिय स्रोत व्यक्तिको क्षमता विकाश गर्ने | स्रोत व्यक्तिको क्षमता अभिबृद्धि हुनेछ | अल्पकालिन | गा.पा., न.पा., गै. स. स., सामाजिक संस्थाहरु |
| समुदाय स्तरमा पहुँचयुक्त पूर्वसूचना प्रणालीको स्थापना र विकाश गर्ने | संकटासन्न समुदायले विपद् सम्बन्धि पूर्व जानकारी प्राप्त गरि पूर्वतयारीका लागि सक्षम हुनेछन् | अल्पकालिन | जिल्ला दैवी प्रकोप उद्धार समिती, गै. स. स., सामाजिक संस्थाहरु |
| विपद् जोखिम नक्शांकन गर्ने गराउने | विपद् जोखिमको जानकारी हुनेछ | अल्पकालिन | जिल्ला दैवी प्रकोप उद्धार समिती, विषयगत |

| रणनीतिक क्रियाकलाप | अपेक्षित उपलब्धि | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| | | | कार्यालयहरु, गा.पा., न.पा. |
| स्थानीय निकायको अगुवाईमा नियमितरुपमा संकटासन्नता र क्षमता लेखाजोखा (भिसिए) पुनरावलोकन गर्ने | संकटासन्नता र क्षमताको अद्दावधिक जानकारी हुनेछ | अल्पकालिन | जिल्ला दैवी प्रकोप उद्धार समिती, विषयगत कार्यालयहरु, गा.पा., न.पा. |
| विभिन्न संरचनाको निर्माण गर्नु भन्दा पहिला त्यसको प्रकोपसंग जोडिएको विषय सम्बन्धि विस्तृत अध्ययन गर्नु पर्ने | संरचनामा प्रकोप जोखिमको जानकारी हुनेछ | अल्पकालिन | विषयगत कार्यालयहरु, गा.पा., न.पा. |

**समूह खः बिपद् जोखिम व्यवस्थापनको लागि बिपद् जोखिम शासनको सबलीकरण**

| रणनीतिक क्रियाकलाप | अपेक्षित उपलब्धि | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| विपद् सम्बन्धि बिभिन्न नियम, कार्ययोजना, नियमावली र कार्यविधीहरु सहजरुपमा उपलब्ध हुने व्यवस्था गर्ने | कार्यविधी तथा निर्देशिका बारे समुदायस्तरमा जानकारी भै विपद् व्यवस्थापनमा सहजता हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, सूचना तथा संचार मन्त्रालय, संघीय मामिला तथा स्थानिय विकाश मन्त्रालय |
| विद्यालयहरुमा विपद् व्यवस्थापन समितीहरु अनिवार्य रुपमा गठन गर्ने | विद्यालयहरुमा विपद् जोखिम तथा क्षति कम हुनेछ साथै विपद् सम्बन्धि जनचेतना बृद्धि हुनेछ | मध्यकालिन | शिक्षा मन्त्रालय, गृह मन्त्रालय |
| विषयगत कार्यालयहरुमा विपद् Focal Person तोक्ने | सूचना प्रवाहमा सहजता आई विपद् व्यवस्थापनमा सहजता हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, विषयगत मन्त्रालयहरु |

| | | | |
|---|---|---|---|
| स्थानिय विपद् व्यवस्थापन समितीहरुमा अपाङ्गता भएका ब्यक्तीहरुको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने | अपाङ्गता भएका ब्यक्तीहरुको जोखिममा कमी हुनेछ | अल्पकालिन | जिल्ला दैवी प्रकोप उद्धार समिती, संघीय मामिला तथा स्थानिय विकाश मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| बार्षिक योजना तर्जुमा गर्दा विपद् व्यवस्थापन समितीलाई अनिवार्य प्रतिनिधित्व गराउने | विकाश आयोजनाहरुमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण हुनेछ | अल्पकालिन | रा. यो. आ., विषयगत मन्त्रालयहरु |
| स्थानिय निकायका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन विपद् व्यवस्थापनका लागि गरिएका क्रियाकलापहरुसंग जोडिनु पर्ने | कर्मचारीहरुबाट प्रभावकारी विपद् व्यवस्थापन कार्य हुनेछ | अल्पकालिन | गा.पा., न.पा., संघीय मामिला तथा स्थानिय विकाश मन्त्रालय |
| विपद् व्यवस्थापनमा विशेष सहयोग पुऱ्याउने कर्मचारीहरुलाई पुरस्कारको व्यवस्था गर्नु पर्ने | कर्मचारीहरुबाट प्रभावकारी विपद् व्यवस्थापन कार्य हुनेछ | अल्पकालिन | संघीय मामिला तथा स्थानिय विकाश मन्त्रालय |
| स्थानीय निकायबाट स्थानिय विपद् जोखिम ब्यवस्थापन योजना (एल. डि. आर. एम. पी) नियमित अद्यावधिक गर्नुपर्ने | स्थानिय विपद् जोखिम ब्यवस्थापन योजना समय सापेक्ष हुनेछ | अल्पकालिन | गा.पा., न.पा. |
| स्थानीय निकायले विपद् व्यवस्थापनका योजनालाई प्राथमिकतामा राख्नु पर्ने | स्थानिय स्तरमा विपद् जोखिम न्यूनीकरण हुनेछ | अल्पकालिन | गा.पा., न.पा. |
| विपद् व्यवस्थापन सम्बन्धि तालिम संचालन गर्नका लागि केन्द्रिय स्तरमा तालिम केन्द्रको स्थापना गर्ने नीति तथा कार्यविधि बनाउने | विपद् व्यवस्थापन तालिम केन्द्रको स्थापना हुनेछ | अल्पकालिन | गृह मन्त्रालय |
| विद्यालय पाठ्यक्रममा विपद् जोखिम ब्यवस्थापन सम्बन्धित बिषय समावेश गर्ने | विपद् जोखिम ब्यवस्थापन सम्बन्धि जानकारी हुनेछ | अल्पकालिन | शिक्षा मन्त्रालय |

| | | | |
|---|---|---|---|
| सामुदायिक विपद् व्यवस्थापन समितीको कार्य संचालन कार्यविधि निर्माण गर्नुपर्ने | विपद् व्यवस्थापन कार्य व्यवस्थित हुनेछ | अल्पकालिन | जिल्ला दैवी प्रकोप उद्धार समिती, गा.पा., न.पा. |
| समदाय स्तरमा आकस्मिक कोष र अन्न बैंक स्थापनाको लागि निर्देशिका र संचालन कार्यविधि निर्माण गर्नुपर्ने | समदाय स्तरमा आकस्मिक कोष र अन्न बैंक स्थापना हुनेछ | अल्पकालिन | जिल्ला दैवी प्रकोप उद्धार समिती, गा.पा., न.पा. |
| संकटासन्न समुदायले जग्गा बैंकमा धरौटीको रुपमा राखी सहुलियत ऋण पाउने व्यवस्था गर्नु पर्ने | संकटासन्न समुदायले सहुलियत ऋण पाउनेछन् | अल्पकालिन | गृह मन्त्रालय, नेपाल राष्ट्र बैंक |
| खुला तथा सुरक्षित स्थान व्यवस्थापन गर्न निर्देशिका बनाउनु पर्ने | खुला तथा सुरक्षित स्थान व्यवस्थित हुनेछ | अल्पकालिन | गृह मन्त्रालय |
| कोष परिचालनको लागि अनुगमन तथा मूल्याङ्कन संयन्त्र बनाउनु पर्ने | कोष पारदर्शि रुपले परिचालन हुनेछ | अल्पकालिन | गृह मन्त्रालय |
| विपद् व्यवस्थापन समिती नियमित पुनर्गठन गर्नुपर्ने | समिती सक्रिय भै विपद्को अवस्थामा परिचालन हुनेछ | अल्पकालिन | गृह मन्त्रालय |
| विषयगत कार्यदल नियमित पुनर्गठन गर्नुपर्ने | कार्यदलले विपद्को अवस्थामा सक्रिय भूमिका निर्वाह गर्नेछ | अल्पकालिन | गृह मन्त्रालय, विषयगत मन्त्रालयहरु |
| विपद् व्यवस्थापन समितीको क्षमता अभिबृद्धि गर्नुपर्ने | विपद् व्यवस्थापन समिती सक्षम हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, विषयगत मन्त्रालयहरु |
| नदीले कटान गरेको जग्गामा लाग्ने राजश्व छुटको व्यवस्था गर्नु पर्ने | उत्थानशीलता विकाश हुनेछ | अल्पकालिन | अर्थ मन्त्रालय |
| नदीको किनारमा अव्यवस्थित वसोवासलाई निरुत्साही गर्न नीतिको निर्माण गर्नु पर्ने | संकटासन्नतामा कमी आउनेछ | मध्यकालिन | संघीय मामिला तथा स्थानिय विकाश मन्त्रालय |
| नदीको जलाधार क्षेत्रको व्यवस्थापनको स्पष्ट नीति निर्माण गरि कडाई साथ लागु गर्नुपर्ने | जल उत्पन्न प्रकोप जोखिममा कमी आउनेछ | मध्यकालिन | जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग |
| स्थानीय निकायका कर्मचारीको कार्य सम्पादन विपद् व्यवस्थापनका लागि गरिएका क्रियाकलाप संग जोडिनु पर्ने | विपद् व्यवस्थापन प्रभावकारी हुनेछ | अल्पकालिन | संघीय मामिला तथा स्थानिय विकाश मन्त्रालय |

| | | | |
|---|---|---|---|
| विपद् व्यवस्थापनमा विशेष सहयोग पुचाउने कर्मचारीलाई पुरस्कारको व्यवस्था गर्नु पर्ने | विपद् व्यवस्थापन प्रभावकारी हुनेछ | अल्पकालिन | संघीय मामिला तथा स्थानिय विकाश मन्त्रालय |
| स्थानीय निकायबाट स्थानिय विपद् जोखिम व्यवस्थापन योजना (एल. डि. आर. एम. पी) नियमित पूनरावलोकन गर्नुपर्ने | स्थानिय विपद् व्यवस्थापन प्रभावकारी हुनेछ | अल्पकालिन | संघीय मामिला तथा स्थानिय विकाश मन्त्रालय |
| स्थानीय निकायले विपद् व्यवस्थापनका योजनालाई प्राथमिकतामा राख्नु पर्ने | स्थानिय विपद् व्यवस्थापन प्रभावकारी हुनेछ | अल्पकालिन | संघीय मामिला तथा स्थानिय विकाश मन्त्रालय |
| पूर्वसूचना रणनीति स्वीकृत गरि कार्यान्वयमा लैजानुपर्ने | पूर्वसूचना प्रभावकारी हुनेछ | अल्पकालिन | जनसंख्या तथा वातावरण मन्त्रालय, गृह मन्त्रालय |
| विपद् पूर्व तयारीमा लगानी बढाउने नीतिको व्यवस्था गर्नुपर्ने | विपद् पूर्व तयारी प्रभावकारी हुनेछ | अल्पकालिन | अर्थ मन्त्रालय, रा. यो. आ. |
| विद्यमान नीतिहरुको पूनर्संयोजन गरि एकीकृत नीति निर्माण गर्नुपर्ने | नीति नियमहरु सहजरुपमा उपलब्ध हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, विषयगत मन्त्रालयहरु |

**समूह ग: उत्थानशीलताको लागि बिपद् जोखिम न्यूनीकरणमा लगानी**

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित उपलब्धि** | **समयावधि** | **जिम्मेवार निकाय** |
|---|---|---|---|
| जनचेतनामूलक कार्यक्रममा लगानी बढाउनु पर्ने | विपद्बाट हुने क्षति कम हुने | अल्पकालिन | सूचना तथा संचार मन्त्रालय, गृह मन्त्रालय, संचार माध्यमहरु |
| विपद् अल्पीकरण योजना निर्माण गर्नुपर्ने, जस्तै जैविक तटबन्धन, बृक्षारोपण, बन जंगल संरक्षण आदि | बाढी, पहिरो, नदी नियन्त्रण हुने | दिर्घकालिन | बन तथा भूसंरक्षण मन्त्रालय, जल उत्पन्न प्रकोप |

| | | | |
|---|---|---|---|
| | | | व्यवस्थापन विभाग |
| जल तथा मौसम विज्ञान विभागलाई प्राथमिकतामा राखी पूर्व सूचना प्रणाली विकासमा पर्याप्त बजेट छुट्याउने व्यवस्था मिलाउँनु पर्ने | क्षति कम हुने | अल्पकालिन | जल तथा मौसम विज्ञान विभाग,अर्थ मन्त्रालय, रा. यो. आ. |
| भवन निर्माण संहिता पालनाको लागि पुरस्कार तथा सँजायको ब्यवस्था गर्नु पर्ने | सुरक्षित आवास | अल्पकालिन | शहरी विकाश मन्त्रालय, गा.पा., न.पा. |
| कृषि, पशु तथा जीवन विमामा संकटासन्न समुदायको सहज पहुँचको व्यवस्था गर्नुपर्ने | पुनर्लाभ | अल्पकालिन | वीमा संस्थान, कृषि विकाश कार्यालय |
| कर्पोरेट सामाजिक जिम्मेवारी कार्यक्रम मार्फत विपद् जोखिम न्यूनीकरणमा निजी लगानी बृद्धि गर्नु पर्ने | क्षति कम हुने | अल्पकालिन | नेपाल उद्योग वाणिज्य महासंघ |
| बैंक तथा सहकारी मार्फत विपद् जोखिम न्यूनीकरणमा लगानीको लागि सहज व्यवस्था गर्नुपर्ने | जोखिम तथा क्षति कम हुने | दिर्घकालिन | नेपाल राष्ट्र बैंक, गरिबी निवारण कोष |
| विविध जिविकोपार्जनका उपायहरु बृद्धि गरि विपद् उत्थानशीलताको स्पष्ट खाका तयार गरि कार्य सञ्चालन गर्नु पर्ने | उत्थानशीलतामा बृद्धि हुने | मध्यकालिन | कृषि विकाश मन्त्रालय, पशु पन्छी विकाश मन्त्रालय, वन तथा भूसंरक्षण मन्त्रालय |
| सुधारिएको खेती प्रणाली तथा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्नु पर्ने | उत्थानशीलतामा बृद्धि हुने | मध्यकालिन | कृषि विकाश मन्त्रालय |
| विपद् जोखिम न्यूनीकरण कोषको व्यवस्था गर्नुपर्ने | जोखिम तथा क्षति कम हुने | अल्पकालिन | गृह मन्त्रालय, विषयगत मन्त्रालयहरु, गा.पा., न.पा. |
| विपद् जोखिम न्यूनीकरणका लागि दक्ष जनशक्ति उत्पादन गर्नुपर्ने | जोखिम तथा क्षति कम हुने | दिर्घकालिन | गृह मन्त्रालय, विषयगत मन्त्रालयहरु, प्राविधिक शिक्षालय |

| | | | |
|---|---|---|---|
| सवै स्थानीय निकायले अनिवार्य रुपमा आपत्कालिन बजेट निरन्तरता रहने गरि छुट्याउनु पर्ने | क्षति कम हुने | अल्पकालिन | गा.पा., न.पा. |
| स्थानीय विपद् व्यवस्थापन समितिमा रहेको आपतकालिन कोष सञ्चालन कार्य विधि हुनु पर्ने | कोष सञ्चालन व्यवस्थित हुने | अल्पकालिन | गा.पा., न.पा. |
| स्थानिय विपद् व्यवस्थापन समिती (एल.डि.एम.सी) परिचालनको लागि आवश्यक बजेट छुट्याउनु पर्ने | क्षति कम हुने | अल्पकालिन | गा.पा., न.पा. |
| ढल निकाशको उचित व्यवस्था गर्नुपर्ने | डुवानबाट क्षति कम हुने | अल्पकालिन | गा.पा., न.पा. |
| अपाङ्गमैत्री संरचना निर्माण गर्नुपर्ने | क्षति कम हुने | अल्पकालिन | गा.पा., न.पा., शहरी विकाश मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| सामुदायिक वन तथा सहकारीहरुलाई विपद् जोखिम न्यूनीकरणमा लगानीको लागि प्रोत्साहित गर्नु पर्ने | जोखिम तथा क्षति कम हुने | दिर्घकालिन | वन तथा भूसंरक्षण मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| बाढी उत्थानशील वालीको छनौट तथा कृषि प्रविधिको विकास गर्नुपर्ने | उत्थानशीलतामा बृद्धि हुने | दिर्घकालिन | कृषि विकास कार्यालय |
| बाढी उत्थानशील अन्न भण्डारणको व्यवस्था गर्नुपर्ने | उत्थानशीलतामा बृद्धि हुने | अल्पकालिन | गा.पा., न.पा. |

**समूह घः प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा "अझै राम्रो निर्माण" का लागि बिपद् पूर्वतयारीको सुदृढीकरण**

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित उपलब्धि** | **समयावधि** | **जिम्मेवार निकाय** |
|---|---|---|---|
| जिल्ला स्थित सबै सरोकारवालाहरुलाई विपद् जोखिम न्यूनीकरण सम्बन्धि नीति, कार्ययोजना तथा कार्य संचालन विधीबारे जानकारी गराउने | सरोकारवालाहरु नीतिगत रुपमा सचेत हुनेछन् | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानिय विकाश |

| | | | |
|---|---|---|---|
| | | | मन्त्रालय |
| एकिकृत नीति/कार्यक्रम निर्माण | विपद जोखिम न्यूनिकरण र जलवायु परिवर्तन सम्बन्धी एकिकृत नीति तयार भएको हुने | अल्पकालिन | वातावरण मन्त्रालय, संघीय मामिला तथा स्थानिय विकाश मन्त्रालय |
| जिल्ला स्तरमा समावेशी सूचना केन्द्र स्थापना | समावेशी सूचना उपलब्ध हुने | अल्पकालिन | जि.वि.स. |
| पूर्वानुमानमा आधारित जिल्ला स्तरिय पूर्व तयारी गर्ने | सामुदायिक सचेतना वृद्धि भई प्रभावकारी प्रतिकार्य हुने | अल्पकालिन | गृह मन्त्रालय |
| पहुचयुक्त आश्रय स्थल निर्माण गर्ने (संकटासन्न क्षेत्रमा) | सुरक्षित आश्रय स्थलमा सरल पहुँच हुने | अल्पकालिन | संघीय मामिला तथा स्थानिय विकाश मन्त्रालय |
| आधारभूत तालिममा नै खोज तथा उद्धारको शिक्षा अनिवार्यता गराउने साथै सामुदायिक विपद व्यवस्थापन समितिको क्षमता वृद्धि र समन्वय गर्ने | दक्ष जनशक्ति उत्पादन हुने | दिर्घकालिन | गृह मन्त्रालय |
| तालिम प्राप्त जनशक्तिलाई प्रविधियुक्त उपकरण तथा सामग्रीहरुको व्यवस्थापन गर्नुपर्ने । | प्रभावकारी प्रतिकार्य हुने | अल्पकालिन | गृह मन्त्रालय |
| समावेशी विपद व्यवस्थापन कार्य योजना निर्माण | समान सहभागिता र क्षमता अभिवृद्धि हुने | अल्पकालिन | स्थानीय/गृह |
| भवन निर्माण संहिताको प्रभावकारी कार्यन्वयनका लागि जनचेतना अभिवृद्धि साथै कडाईका साथ लागु गर्ने । | सुरक्षित भवन निर्माण र जोखिम न्यूनिकरण हुने | अल्पकालिन | शहरी विकास तथा भवन निर्माण विभाग |
| स्थानीय स्तरमा सुरक्षित भण्डारको स्थापना गरी आवश्यक पर्ने सामाग्रीको भण्डारण गर्ने | उद्धार सामाग्रीको उपलब्धतामा सहज हुने | अल्पकालिन | जिल्ला दैवी प्रकोप उद्धार समिती |
| भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयन | सुरक्षित बसोबास निर्माण हुने | अल्पकालिन | स्थानीय तह |
| समुदायमा रहेका विभिन्न विपद् व्यवस्थापन समितिका सदस्यहरुलाई | क्षमता अभिवृद्धि हुने | अल्पकालिन | गृह मन्त्रालय, संघीय |

| | | | |
|---|---|---|---|
| विभिन्न क्षमता अभिवृद्धि तथा पूनर्ताजगीका तालिमको व्यवस्था | | | मामिला तथा स्थानिय विकाश मन्त्रालय |
| मौसम पूर्वानुमानको सूचना तथा बाढी पूर्वसूचना समुदाय सम्म पुऱ्याउने एक संयन्त्रको विकास गर्ने | समुदाय जोखिमबारे सुसूचित हुने | अल्पकालिन | जल तथा मौसम विज्ञान विभाग, गृह मन्त्रालय |
| विभिन्न (शिक्षा, स्वास्थ्य, खाद्यान्न र सुरक्षा सम्बन्धि) कृत्रिम घटना अभ्यासको निरन्तरता गर्ने | प्रतिकार्य क्षमता अभिबृद्धि | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानिय विकाश मन्त्रालय |
| संकटासन्न क्षेत्रमा जिल्ला स्वास्थ्य कार्यालयलाई स्वास्थ्य सम्बन्धि सामाग्रीहरुको पूर्व तयारी र व्यवस्थापन गर्न बजेट सहित जिम्मेवारी दिनुपर्ने | स्वास्थ्य जोखिम न्यूनिकरण हुने | अल्पकालिन | स्वास्थ्य मन्त्रालय |
| समुदाय स्तरमा जडान गरिएका पूर्व सूचना सञ्चार सामग्रीको मर्मत सम्भार तथा व्यवस्थापन गर्ने जिम्मेवार निकाय तोकिदिनु पर्ने | पूर्व सूचना सञ्चार प्रभावकारी हुने | अल्पकालिन | संघीय मामिला तथा स्थानिय विकाश मन्त्रालय |
| विपद् पश्चात वा सामान्य समयमा विभिन्न फोहर व्यवस्थापनको लागि आवश्यक नीतिको व्यवस्था गर्नु पर्ने | फोहर व्यवस्थित हुने | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानिय विकाश मन्त्रालय |
| खुल्ला क्षेत्रको पहिचान र व्यवस्थापन गर्नु पर्ने | आश्रयस्थल उपलब्ध हुने | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानिय विकाश मन्त्रालय |